प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि, खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं. ०८१-५२००२७
५२०२२५
५२६५४७

## अभियानमुखी आलु उत्पादन (मिसन) कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि बिस्तृत सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७८/०६/०६**

कृषि ज्ञान केन्द्र बाँकेको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रम अनुसार अभियानमुखी आलु उत्पादन (मिसन) कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले बाँके जिल्ला भित्रका ईच्छुक कृषक/कृषि फार्म/कृषि उद्यमि/कंपनी/कृषक समूह/सहकारी संस्थाहरु/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डारण सञ्चालक संस्थाहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (२०७८/०६/२०) भित्र कार्यालय समय भित्र यस केन्द्रमा तपसिल अनुसारका कागजात सहित निवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रोड कोरिडर/राजमार्ग लक्षित तथा मिसन (आलु र मकै) कार्यक्रम सञ्चालन विधि, २०७७ यस केन्द्रमा संपर्क गरि वा वेभसाइट www.akcbanke.gov.np बाट प्राप्त गर्न सकिने छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

सागर ढकाल
प्रमुख
वरिष्ठ कृषि प्रसार अधिकृत

### तपसिल

| क्र.सं. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | | | आवेदन को किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पालिका | बाली | वार्ड नंबर | | |
| १ | अभियानमुखि आलु र उत्पादन कार्यक्रम | आलु खेती (खायन र बीउ) उत्पादन तथा बजारीकरणा सम्वन्धि कृयाकलापहरु (अनुसूची ८ बमोजिम) | एक कृषकले कम्तिमा ३ कठ्ठामा आलु उत्पादन गरी एक कलष्टरमा कम्तिमा ५ हेक्टरमा खेती गर्नु पर्ने । | नेपालगञ्ज उ.न.पा. | आलु | १३, १४, २०, र २२ | एकल वा संयुक्त | लागत साझेदारी मा प्रति हेक्टर अधिकतम अनुदान रु एक लाख मात्र |
| | | | | कोहलपुर न.पा. | आलु | २, ३, ४, ६, ७, १०, १४, र १५ | | |
| | | | | राप्ति सोनारी गा.पा. | आलु | ३, ४, ६, ८ र ९ | | |
| | | | | नरैनापुर गा.पा. | आलु | १ देखि ६ | | |
| | | | | खजुरा गा.पा. | आलु | २, ३, ७ र ८ | | |
| | | | | जानकी गा.पा. | आलु | १, २ र ३ | | |
| | | | | बैजनाथ गा.पा. | आलु | २ र ८ | | |
| | | | | डुडुवा गा.पा. | आलु | २ र ६ | | |

**आवश्यक पर्ने कागजातहरु**

१ सक्कल निवेदन फारम (अनुसूचि ३ अनुसारको ढाँचामा)

२ निबेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको फोटोकपि ।

प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि, खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं. ०८१-५२००२७
५२०२२५
५२६५४७

३ कृषि उद्यमि समिति/सहकारी संस्थाहरु/कृषक समूह/कंपनी/आदीको हकमा दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि

४ कार्ययोजना, डिजाइन तथा लागत अनुमान सहित विस्तृत प्रस्ताव (अनुसूची ४ अनुसारको ढाँचामा)

५ कार्यक्रममा सहभागि हुने र सो प्रयोजनका लागी आवेदन पेश गर्न अख्तियारी दिइएको संस्थागत निर्णय तथा अख्तियारी प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

६ सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।

७ जग्गाको स्वामित्व देखिने कागजात र चालु आ. ब. को मालपोत तिरेको रसिद

८ स्थायि लेखानंवर (PAN)/ मुल्य अभिबृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपी ।

९ प्रस्तावकको प्रतिबद्धता पत्र (साझेदारी रकम, दोहोरो अनुदान उपलब्ध नभएको, अनुसुचि १० अनुसार ढाँचामा )

१० शैक्षिक योग्यता, तालिम र अनुभवको प्रमाणपत्र ।

११ बैदेशिक रोजगारीबाट फिर्ता भएको भए प्रमाणको प्रतिलिपी ।

१२ स्वलगानीको प्रतिवद्धता पत्र तथा आर्थिक पक्ष /लगानीको क्षमता खुल्ने कागजात ।

(उपरोक्त संपुर्ण कागजात नोटरी पब्लिकबाट प्रतिलिपी प्रमाणित भएको हुनु पर्ने)

पुनश्चः

- निवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्न सकिने छ ।
- कार्यक्रम संचालन रोड कोरिडोर / राजमार्ग लक्षित तथा मिशन (आलु र मकै बाली) कार्यक्रम सञ्चालन विधी २०७७ अनुसार हुनेछ।
- थप जानकारीको लागि यस केन्द्रका बागवानी विकास अधिकृत राम प्रकाश यादव (संपर्क नं ९८४५४३४५५७) लाई सम्पर्क गर्न सकिने छ ।
- हाल संचालनमा रहेका स्मार्ट कृषि गाँउ कार्यक्रम, ब्लक कार्यक्रम, वा अन्य कार्यक्रममा सहभागी भईरहेका कृषकलाई यस कार्यक्रममा संलग्न गराईने छैन ।

सागर ढकाल
प्रमुख
वरिष्ठ कृषि प्रसार अधिकृत

E-mail: akcbanke@gmail.com